# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, फागुन २० गते, २०६९ साल (संख्या ५१


## भाग ५

**नेपाल सरकार**

**भूमिसुधार तथा व्यवस्था मन्त्रालयको**

**सूचना -१**

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा(१क) ले दिएको अधिकार प्रयोग गरी वि.सं. २०३३ सालमा कास्की जिल्लाको भगवतीटारमा गएको वाढी पहिरोबाट विस्थापित २१५ परिवारलाई तत्कालिन श्री ५ को सरकार (मं.पं) को मिति २०३३।०९।०२ को निर्णय अनुसार गठित गण्डकी अञ्चलाधिशको अध्यक्षतामा अञ्चलस्तरीय दैवी प्रकोप पिडीत समन्वय समिति र प्रमुख जिल्ला अधिकारी, कास्कीको अध्यक्षतामा जिल्ला स्तरीय दैवी प्रकोप पिडीत वसोवास समितिबाट साविक छिनेडाँडा गाउँ विकास समिति वडा नं. २, ४ र ९ को हाल पोखरा उपमहानगरपालिका वडा नं. १४, १५ र १८ मा बसोवास गराइएका व्यक्तिहरुको जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्नका निमित्त देहाय बमोजिमको समिति गठन गरी त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम रहने गरी तोकेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. परिभाषा :-विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः-

(क) "समिति" भन्नाले दफा २ को उपदफा (१) बमोजिम गठित कास्की जिल्लाको साविक भगवतीटारमा गएको वाढी पहिरोबाट विस्थापित भई छिनेडाँडामा बसोवास गराइएका परिवारहरुको जग्गा दर्ता सम्वन्धी समिति सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले भूमिसुधार तथा व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(घ) "वाढी पहिरो पिडीत" भन्नाले कास्की जिल्लाको साविक भगवतिटार हाल माझठाना गाउँ विकास समितिमा सम्वत् २०३३ सालमा गएको वाढी पहिरोबाट विस्थापित भई कास्की जिल्लाको साविक छिनेडाँडा वडा नं. २, ४ र ९ को हाल पोखरा नगरपालिका वडा नं. १४, १५ र १८ मा बसोवास गराइएका व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(ङ) "परिवार" भन्नाले कास्की जिल्लाको साविक भगवतीटारको हाल माझठाना गाउँ विकास समितिमा सम्वत् २०३३ सालमा गएको वाढी पहिरोबाट पिडीत व्यक्तिका एकासगोलका वावु, आमा, पति, पत्नि, छोरा र छोरीलाई सम्झनु पर्छ र सो शव्दले त्यस्तो परिवारको हकदार समेतलाई जनाउने छ ।

२. समितिको गठन :- (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी-
जिल्ला प्रशासन कार्यालय, कास्की - अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि-
जिल्ला प्रसाशन कार्यालय, कास्की - सदस्य

(ग) प्रमुख- नापी कार्यालय, कास्की - सदस्य

(घ) प्रतिनिधि- पोखरा
उप-महानगरपालिका, पोखरा - सदस्य

(ङ) प्रमुख मालपोत अधिकृत-
मालपोत कार्यालय, कास्की - सदस्य-सचिव



[०४] आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको काम, कर्तव्य र अधिकार :- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६६।१०।१५ को निर्णयानुसार गठित कास्की जिल्लाको साविक भगवतीटार गाउँ विकास समितिमा गएको बाढी पहिरोबाट विस्थापित परिवारहरुको बसोवास सम्बन्धी समितिले सम्पादन गर्न बाँकी मात्र गर्ने ।

४. समितिको कार्यालय :- समितिको कार्यालय मालपोत कार्यालय, कास्कीमा रहनेछ ।

५. समितिको कार्य अवधि :-समितिको कार्य अवधि काम प्रारम्भ भएको मितिले ६ (छ) महिनाको हुनेछ ।

६. विविध :- (१) मन्त्रालयले विभाग मार्फत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) समितिबाट भएका कामको मासिक प्रगति मन्त्रालय र विभागमा पेस गर्नु पर्नेछ ।

(३) मन्त्रालयको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

## सूचना-२

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा(१क) ले दिएको अधिकार प्रयोग गरी कास्की जिल्ला साविक शिशुवा गाउँ विकास समिति वडा नं. ५ को हाल लेखनाथ नगरपालिका वडा नं. ९ लामास्वारामा रहेको जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम रहने गरी तोकेको छ ।

१. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "समिति" भन्नाले दफा २ बमोजिम गठित कास्की जिल्ला लेखनाथ नगरपालिका अन्तरगतको जग्गा दर्ता सम्बन्धी समिति सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। ८१

(ख) "जग्गा दर्ता" भन्नाले कास्की जिल्ला लेखनाथ नगरपालिका वडा नं. ९ लामास्वारा अन्तरगत जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा हुँदा वन सिमाना विवादको कारणले जग्गा दर्ता गर्न छुट भएको जग्गाको दर्ता गर्ने कार्य सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ।

(घ) "विभाग" भन्नाले भूमिसुधार तथा व्यवस्थापन विभाग सम्झनु पर्छ ।

२. <u>समितिको गठन</u> :- (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) प्रमुख जिल्ला अधिकारी — जिल्ला प्रशासन कार्यालय, कास्की | - अध्यक्ष |
| (ख) प्रमुख- जिल्ला वन कार्यालय, कास्की वा निजले तोकेको अधिकृत प्रतिनिधी | - सदस्य |
| (ग) प्रमुख- नापी कार्यालय, कास्की | - सदस्य |
| (घ) सचिव- लेखनाथ नगरपालिका, कास्की | - सदस्य |
| (ङ) प्रमुख मालपोत अधिकृत- मालपोत कार्यालय, कास्की | -सदस्य सचिव |

(२) समितिको वैठक महिनामा बढीमा ३ पटकमा नबढाई समितिको अध्यक्षलेउपयुक्त ठहर्‍याएको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसार राजनीतिक दलका प्रतिनिधि वा अन्य कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३. <u>समितिको काम, कर्तव्य र अधिकार :-</u> तत्कालिन श्री ५ को सरकार, मन्त्रिपरिषद्को मिति २०५८/१२/२२ को निर्णयानुसार कास्की जिल्ला लेखनाथ नगरपालिका वडा नं. ९ को लामास्वारा जग्गा दर्ता समस्या



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समाधान समितिको गठन एवं कार्य अवधि, काम, कर्तव्य र अधिकार बमोजिम समितिले सम्पादन गर्न बाँकी रहेको कार्य मात्र गर्ने ।

४. समितिको कार्यालय :- समितिको कार्यालय मालपोत कार्यालय, कास्कीमा रहनेछ ।

५. समितिको कार्य अवधि :- समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले तीन महिनाको हुनेछ ।

६. विविध :- (१) मन्त्रालयले विभाग मार्फत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) समितिबाट भएका कामको मासिक प्रगति मन्त्रालय र विभागमा पेस गर्नु पर्नेछ ।

(३) मन्त्रालयको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

## सूचना-३

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा(१क) ले दिएको अधिकार प्रयोग गरी उदयपुर जिल्ला साविक भुमरसुवा गाउँ विकास समिति वडा नं. ४छ को हाल त्रियुगा नगरपालिका वडा नं. १ मा अव्यवस्थित बसोबासीको रुपमा बसोबास गरी आएका व्यक्ति वा परिवारको जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम रहने गरी तोकेको छ ।

१. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "समिति" भन्नाले दफा २ बमोजिम गठित उदयपुर जिल्ला त्रियुगा नगरपालिका अन्तरगत बसोवास गरेका अव्यवस्थित बसोवासीहरुको जग्गा दर्ता सम्बन्धी समिति सम्झनु पर्छ ।

(ख) "अव्यवस्थित बसोवासी" भन्नाले उदयपुर जिल्ला साविक भुमरसुवा गाउँ विकास समिति वडा नं. ४छ को हाल त्रियुगा नगरपालिका वडा नं. १ मा रहेको सरकारी जग्गामा घर बनाई वा आवाद कमोद गरी बसोवास गरी आएको नेपाली नागरिक वा निजप्रति आश्रित परिवार सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले भूमिसुधार तथा व्यवस्थापन विभाग सम्झनु पर्छ ।

२. समितिको गठन :- (१) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय, उदयपुर - अध्यक्ष

(ख) प्रमुख- जिल्ला वन कार्यालय, उदयपुर वा निजले तोकेको अधिकृत प्रतिनिधी - सदस्य

(ग) प्रमुख- नापी कार्यालय, उदयपुर - सदस्य

(घ) कार्यकारी अधिकृत- त्रियुगा नगरपालिका, उदयपुर - सदस्य

(ङ) प्रमुख- मालपोत कार्यालय, उदयपुर -सदस्य सचिव

(२) समितिको वैठक महिनामा बढीमा ३ पटकमा नबढाई समितिको अध्यक्षले उपयुक्त ठहर्‍याएको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसार राजनीतिक दलका प्रतिनिधि वा अन्य कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।



८९३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल आदेशको दफा ६ मा संशोधन** : मूल आदेशको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ :-

"६. **अध्यक्ष प्रशासकीय प्रमुखको रुपमा रहने** : (१) अध्यक्षले समितिको प्रशासकीय प्रमुख भई कार्य सम्पादन गर्नेछ ।

(२) अध्यक्षले आफूले सम्पादन गर्ने कामको सम्बन्धमा प्रत्येक आर्थिक वर्षको लागि नेपाल सरकारसँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।"

६. **मूल आदेशमा दफा ६क. थप** : मूल आदेशको दफा ६ पछि देहायको दफा ६क. थपिएको छ :-

"६क. **अध्यक्षको पारिश्रमिक तथा सुविधा सम्वन्धी व्यवस्था** : अध्यक्षको पारिश्रमिक तथा सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।"

७. **मूल आदेशको दफा ७ मा संशोधन** : मूल आदेशको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७. **अध्यक्षको काम, कर्तव्य र अधिकार** : अध्यक्षको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) समितिको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) आयोजनाको कार्यान्वयन तथा सञ्चालनसँग सम्बद्ध कार्यको निरीक्षण, अनुगमन गर्ने र त्यसको प्रगति विवरण समिति समक्ष पेश गर्ने,

(घ) समितिले सञ्चालन गरेका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) समितिको तर्फबाट आयोजना कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सो थैली अंक कायम गरी राजिनामा लिखत वापत तोकिएको दरले हुन आउने रजिष्ट्रेशन दस्तुर समेत असूल गर्ने गरी निर्णय गर्ने,

(च) खण्ड (ङ) बमोजिम दस्तुर असूल भएपछि वसोवास गरी आएको आर्थिक वर्ष देखि चालू आर्थिक वर्ष सम्मको मालपोत असूलीका लागि स्थानीय निकायमा लेखी पठाई स्थानिय निकायमा मालपोत बुझाएको रसिदको प्रतिलिपि प्राप्त भएपछि जग्गाधनी दर्ता श्रेस्ता/जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गरी जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण गर्नका लिग मालपोत कार्यालय, उदयपुरमा लेखी पठाउने,

(छ) खण्ड (घ) बमोजिम अव्यवस्थित बसोवासीका नाममा जग्गा दर्ता गर्ने गरी निर्णय गर्दा विवाहीत व्यक्तिको हकमा पति-पत्नि दुवैको संयुक्त नाममा दर्ता गर्ने निर्णय गर्ने,

(ज) समितिको कार्यक्षेत्र अन्तरगत सरकारी तथा सार्वजनिक उपभोगमा रहेका जग्गाहरु सोही बमोजिम सरकारी/सार्वजनिक जनाई नेपाल सरकारको नाममा दर्ता गर्ने निर्णय गरी जग्गाधनी दर्ता श्रेस्ता तयार गर्नका लागि मालपोत कार्यालय, उदयपुरमा लेखी पठाउने,

(झ) समितिको काम कारवाहीलाई छिटो छरितो बनाउनका लागि कार्ययोजना बनाई कार्य सम्पादन गर्ने गराउने,

(ञ) उपर्युक्त बमोजिम कार्य सम्पादन गर्ने क्रममा कुनै समस्या आइपरेमा मन्त्रालयबाट निकासा लिई भएको निकासा बमोजिम गर्ने ।

४. <u>निवेदन सम्बन्धी व्यवस्था</u> :- (१) विगत २० वर्ष अगाडि देखि उदयपुर जिल्ला साविक भुमरसुवा गाउँ विकास समिति वडा नं. ४छ को हाल त्रियुगा नगरपालिका वडा नं. १ मा घर बनाई बसोबास गरी आएको वा जग्गा जोतभोग गरी आएको वा त्यस्तो बसोवास तथा जोत भोग गरी आएको व्यक्तिसंग घरायसी लिखतको आधारमा जग्गा खरीद गरी भोग



ए ९५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी आएको अव्यवस्थित बसोवासीले समितिबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायको कागजात संलग्न गरी समिति समक्ष निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थानीय नगरपालिकाले भोग सम्बन्धमा गरि दिएको सिफारिस,

(ग) साविक नापीको समयमा तयार भएको नक्साको उतार,

(घ) साविक नापीको समयमा तयार भएको फिल्डबुकको प्रतिलिपि,

(ङ) साविकमा बसोवास गरी आएको व्यक्तिबाट घरायसी लिखतको आधारमा बसोवास वा जोत कमोद गरी आएको भए सो लिखतको प्रतिलिपि,

(च) भोग सम्बन्धमा अन्य कुनै प्रमाण भए सो को प्रतिलिपि ।

५. कार्यविधि :- दफा ४ बमोजिम जग्गा दर्ताका लागि पर्न आएका निवेदन उपर समितिले देहाय बमोजिमको प्रमाण संकलन तथा छानविन गर्नेछः-

(क) अव्यवस्थित बसोवास गरी आएको जग्गाको जग्गा (नाप जाँच) ऐन, २०१९ तथा जग्गा (नापजाँच) नियमावली, २०५८ बमोजिम सिमाना एकीन गर्ने, जग्गाको नापजाँच गर्ने, नक्सा तयार गर्ने, फिल्डबुक तयार गर्ने,

(ख) घर वा जग्गाको भोग सम्बन्धमा स्थानीय निकाय बुझ्ने,

(ग) भोग सम्बन्धमा सरजमिन तथा स्थलगत निरीक्षण गर्ने,

(घ) कारवाहीको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिए दिन सातको म्याद दिई कार्यालयमा झिकाउने र बयान लिने,

(ङ) हकदावी सम्बन्धी १५ दिने सार्वजनिक सूचना जारी गर्ने,

(च) आवश्यक्ता अनुसार अन्य प्रमाण बुझ्ने।



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. समितिको कार्यालय :- समितिको कार्यालय मालपोत कार्यालय, उदयपुरमा रहनेछ ।

७. समितिको कार्यक्षेत्र :- समितिको कार्य क्षेत्र उदयपुर जिल्ला साविक भूमरसुवा गा.वि.स. वडा नं. ४छ को हाल त्रियुगा नगरपालिका वडा नं. १ कि.नं. ६२३ र ६२४ को जग्गा रहेको क्षेत्र हुनेछ ।

८. निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथः (१) समितिबाट तयार भएका माइन्यूट लगायत अन्य कागजात प्रमाणित गर्ने कार्य समितिको सदस्य-सचिवको हुनेछ ।

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णयानुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गर्ने तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्ने कार्य मालपोत कार्यालय, उदयपुरले गर्नेछ ।

(३) समितिबाट तयार भएको माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय उदयपुर वा नापी कार्यालय उदयपुरमा र जिन्सी सामानहरु मालपोत कार्यालय, उदयपुरमा बुझाउनु पर्नेछ । यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

९. समितिको कार्य अवधि :- समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले तीन महिनाको हुनेछ ।

१०. विविध :- (१) मन्त्रालयले विभाग मार्फत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) समितिबाट भएका कामको मासिक प्रगति मन्त्रालय र विभागमा पेस गर्नु पर्नेछ ।

(३) मन्त्रालयको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -१

### बसोबास गरी आएका अव्यवस्थित बसोवासीहरुको नामावली

| सि.नं. | बसोबास गर्नेको नाम | गा.वि.स. | क्षेत्रफल | सि.नं. | बसोबास गर्नेको नाम | गा.वि.स. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| १ | सुन्दरी खड्का | भुमरसुवा | ०-७-० | १९ | कृष्णकुमार तिम्सीना | भुमरसुवा | ०-५-१५ |
| २ | बासुदेव राई | भुमरसुवा | ०-५-१७ | २० | मनोजकुमार तिम्सीना | भुमरसुवा | ०-४-४ |
| ३ | राजेन्द्र तिम्सीना | भुमरसुवा | ०-६-१५$^{१/२}$ | २१ | शिव तिम्सीना | भुमरसुवा | ०-७-७ |
| | | | | २२ | जुक्तमान राई | भुमरसुवा | ०-६-७$^{१/२}$ |
| ४ | विना तिम्सीना | भुमरसुवा | ०-०-१९ | २३ | पार्वती राई | भुमरसुवा | ०-७-१३ |
| ५ | पञ्चमाया सुन्दास | भुमरसुवा | ०-१-१५ | २४ | फुलमाया राई | भुमरसुवा | ०-२-१३$^{३/४}$ |
| ६ | कृष्णबहादुर परियार | भुमरसुवा | ०-१-१०$^{३/४}$ | २५ | नौलक्ष्मी राई | भुमरसुवा | ०-१-०$^{१/२}$ |
| ७ | टिकामाया श्रेष्ठ | भुमरसुवा | ०-१-० | २६ | जसी राई | भुमरसुवा | ०-०-९ |
| ८ | भिमबहादुर विष्ट | भुमरसुवा | ०-०-३ | २७ | महेश्वरी राई | भुमरसुवा | ०-०-६ |
| ९ | बलराज राई | भुमरसुवा | ०-०-१४$^{३/४}$ | २८ | पवित्रकुमारी राई | भुमरसुवा | ०-११-०$^{३/४}$ |
| १० | कृष्णमाया खत्री | भुमरसुवा | ०-१-०$^{१/२}$ | २९ | सरस्वती राई | भुमरसुवा | ०-१-११$^{१/२}$ |
| ११ | पदम बहादुर कार्की | भुमरसुवा | ०-३-९ | ३० | भिमबहादुर मगर | भुमरसुवा | ०-१-६$^{३/४}$ |
| १२ | गणेश कार्की | भुमरसुवा | ०-३-८ | ३१ | गमसरी राई | भुमरसुवा | ०-०-९ |
| १३ | रिद्धराज कार्की | भुमरसुवा | ०-५-१३$^{१/२}$ | ३२ | सुमित्रा राई | भुमरसुवा | ०-०-११$^{३/४}$ |
| १४ | सचि कार्की | भुमरसुवा | ०-१-१८ | ३३ | विष्णुकुमारी लामिछाने | भुमरसुवा | ०-०-१०$^{१/२}$ |
| १५ | मानबहादुर कार्की | भुमरसुवा | ०-२-२ | ३४ | प्रेमबहादुर खड्का | भुमरसुवा | ०-१-२$^{१/४}$ |
| १६ | रामबहादुर परियार | भुमरसुवा | ०-४-१८$^{१/२}$ | ३५ | लक्ष्मीदेवी श्रेष्ठ | भुमरसुवा | ०-०-१४$^{३/४}$ |
| १७ | आइतमान परियार | भुमरसुवा | ०-२-१९ | ३६ | सोनाम राई | भुमरसुवा | ०-०-१५ |
| १८ | तिलमाया तिम्सीना | भुमरसुवा | ०-८-७ | ३७ | गंगा राई | भुमरसुवा | ०-१-७$^{३/४}$ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ३८ | धनमाया राई | भुमरसुवा | ०-०-९ |
| ३९ | जगतबहादुर | भुमरसुवा | ०-०-१६ १/२ |
| ४० | विन्दा राई | भुमरसुवा | ०-०-११ ३/४ |
| ४१ | लिलकुमारी राई | भुमरसुवा | ०-१-९ २/२ |
| ४२ | कुलबहादुर राई | भुमरसुवा | ०-०-१७ ३/४ |
| ४३ | रत्नमाया सुनार | भुमरसुवा | ०-०-१३ १/२ |
| ४४ | महेश श्रेष्ठ | भुमरसुवा | ०-२-१३ १/२ |
| ४५ | सुभाष विष्ट | भुमरसुवा | ०-२-९ |
| ४६ | सुरेश विष्ट | भुमरसुवा | ०-१-७ |
| ४७ | राधा थापा | भुमरसुवा | ०-०-१७ |
| ४८ | लक्ष्मीकुमारी विष्ट | भुमरसुवा | ०-२-११ |
| ४९ | शेरबहादुर कार्की | भुमरसुवा | ०-५-३ |
| ५० | भरत कार्की | भुमरसुवा | ०-२-७ ३/४ |
| ५१ | निर्मला गेलाल | भुमरसुवा | ०-१-३ |
| ५२ | रामप्रसाद आचार्य | भुमरसुवा | ०-०-१० |
| ५३ | पशुपति साह | भुमरसुवा | ०-१-४ ३/४ |
| ५४ | उर्मीलादेवी सुडिन | भुमरसुवा | ०-०-१९ |
| ५५ | भक्त माया पोखरेल | भुमरसुवा | ०-०-६ १/२ |
| ५६ | मनुलाल वि.क. | भुमरसुवा | ०-०-४ |
| ५७ | उमेशजंग थापा | भुमरसुवा | ०-०-३ |
| ५८ | गोमा बोहरा | भुमरसुवा | ०-२-१९ |
| ५९ | शुशिला राउत | भुमरसुवा | ०-०-१३ १/२ |
| ६० | कौशिला देवी साह | भुमरसुवा | ०-०-७ |
| ६१ | धनबहादुर तामाङ्ग | भुमरसुवा | ०-०-८ १/२ |
| ६२ | दिलकुमार श्रेष्ठ | भुमरसुवा | ०-०-१३ १/२ |
| ६३ | उमादेवी श्रेष्ठ | भुमरसुवा | ०-०-९ १/४ |
| ६४ | तारा बोहरा | भुमरसुवा | ०-४-१७ |
| ६५ | गंगबहादुर सार्की | भुमरसुवा | ०-०-१६ |
| ६६ | एकबहादुर सार्की | भुमरसुवा | ०-१-४ १/२ |
| ६७ | दिपकराज कार्की | भुमरसुवा | ०-२-१९ |
| ६८ | मन्जु कार्की | भुमरसुवा | ०-३-५ |
| ६९ | गंगा परियार | भुमरसुवा | ०-२-५ |
| ७० | नरदेवी कार्की | भुमरसुवा | ०-०-६ १/२ |
| ७१ | भिमबहदुर राई | भुमरसुवा | ०-०-१७ ३/४ |
| ७२ | गणेश घिमिरे | भुमरसुवा | ०-४-१२ ३/४ |
| ७३ | चन्द्रबहादुर खत्री | भुमरसुवा | ०-०-८ ३/४ |
| ७४ | जगतबहादुर थापा | भुमरसुवा | ०-०-९ |
| ७५ | मनिता थापा | भुमरसुवा | ०-०-८ |
| ७६ | निर्मला कुमारी श्रेष्ठ | भुमरसुवा | ०-०-१२ |
| ७७ | तुलसी माया श्रेष्ठ | भुमरसुवा | ०-१-८ ३/४ |
| ७८ | जमुना श्रेष्ठ | भुमरसुवा | ०-१-४ |
| ७९ | रुपकुमारी थापा | भुमरसुवा | ०-०-१४ |
| ८० | अनिल महत | भुमरसुवा | ०-१-३ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।